# गंगादेव गाउँपालिकाको

# शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका

# २०७५ (संशोधित)

(गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७६ असार ३१ गते)

प्रथम पटक संशोधित मितिः मिति २०७६ भाद्र २५ गते

गंगादेव गाउँपालिका रोल्पा

गंगादेव गाउँपालिका

सानडाँडा रोल्पा

२०७५

# गंगादेव गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका- २०७५

गाउँ कार्यपालिकाद्वारा पारित मितिः २०७६/०३/३१
प्रथम पटक संशोधित मितिः २०७६ भाद्र २५ गते

## प्रस्तावनाः

प्रस्तावना गंगादेव गाउपालिका स्थित विद्यालयहरुमा गाउँपालिका द्वारा उपलब्ध गराइको शिक्षक तथा कर्मचारीअनुदान रकम लाई व्यवस्थित गारि शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न गंगादेव गाउँ कार्यपालिका को यो निर्देशिका निर्माण गरि जारि गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका २०७५ रहेको छ।

१.२ यो निर्देशिका गंगादेव गाउँपालिकाभर तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद २

२. परिभाषाः विषय वा प्रशंगले अर्के अर्थ नलागेमा यस निर्देशिकामा

२.१ "गाउँपालिका अध्यक्ष" भन्नाले गंगादेव गाउँपालिकाका अध्यक्षलाई बुझाउदछ ।

२.२ "गाउँ शिक्षा समिति" भन्नाले गंगादेव गाउँपालिकामा गठन भएको गाउँशिक्षा समितिलाई बुझाउदछ ।

२.३ "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गंगादेव गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत बुझाउदछ ।

२.४ "शिक्षा शाखा प्रमुख" भन्नाले गंगादेव गाउँपालिकाका शिक्षा शाखा प्रमुखलाई बुझाउदछ ।

२.५ "पुनरावलोकन समिति" भन्नाले गंगादेव गाउँपालिकाका शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका २०७५ को परिछेद ९ को ११.१ मा गठन भएको समितिलाई जनाउछ ।

२.६ "शिक्षक" भन्नाले गाउँपालिकाको अनुदान बाट तलव भत्ता खानेगरि विद्यालय व्यवस्थापन समितिबाट नियुक्ति शिक्षक सम्झनु पर्दछ । यो शब्दले प्रारम्भिक बालविकास केन्द्रमा नियुक्ति शिक्षक समेतलाई बुझाउदछ ।

२.७ "कर्मचारी" भन्नाले विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न नियुक्ति विद्यालय सहायकलाई सम्झनुपर्छ ।

२.८ "अनुदान" भन्नाले गाउँपालिकाको विद्यालयमा शिषक तथा कर्मचारी अभाव पुर्ति गर्न विद्यालयमा स्थायी दरवन्दी सिर्जना नहुन्जेल सम्मकालागि मात्र उपलब्ध गराएको अनुदान रकम सम्झनुपर्छ ।

२.९ "गाउँपालिका" भन्नाले गंगादेव गाउँपालिका सम्झनुपर्छ ।

२.१० "गाउँकार्यपालिका" भन्नाले गंगादेव गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

२.११ "शिक्षा नियमावलि" भन्नाले गंगादेव गाउँपालिकाले निर्माण गरेको शिक्षा नियमावलि २०७५ सम्झनुपर्छ ।



प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेदः तीन

## शिक्षक अनुदान उपलब्ध गराउने आधारहरु

३. गाउँपालिकाले विद्यालयलाई शिक्षक अनुदान देहायबमोजिमका आधारमा उपलब्ध गराउनेछ ।

३.१ विद्यालयमा संचालित तह र कक्षा

३.२ विद्यालयमा भएको विद्यार्थी संख्या र विद्यालय सेवा क्षेत्र

३.३ विद्यालयमा उपलब्ध दरवन्दी संख्या

३.४ विद्यालयमा पढाई हुने विषयहरु

३.५ विद्यालयमा संचालित प्राविधिक धार

३.६ गाउँ कार्यपालिकाले तोकेका अन्य आधारहरु

४ न्यनतम रुपमा विद्यालयमा देहायबमोजिम दरबन्दी हुनेगरी शिक्षक अनुदान रकम उपलब्ध गराइनेछ ।

४.१ कक्षा १-३ संचालित विद्यालयः न्युनतम २ दरबन्दी

४.२ कक्षा १-५ संचालित विद्यालयः न्युनतम ३ दरबन्दी

४.३ कक्षा ६-८ संचालित विद्यालयः न्युनतम ३ दरबन्दी

४.४ कक्षा ९-१० संचालित विद्यालयः न्युनतम ३ दरबन्दी

४.५ कक्षा ११-१२ संचालित विद्यालयः न्युनतम २ दरबन्दी

## परिच्छेद चार

## शिक्षक नियुक्ति प्रक्रिया

५ गाउँपालिकाको अनुदान रकमबाट तलव भत्ता खाने गरी शिक्षक नियुक्ति गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्वन गरिनेछ ।

५.१ शिक्षक दरवन्दी नभएको वा दरवन्दी अपुग भएको विद्यालयमा शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसको आधारमा गाउँ कार्यपालिकाको निर्णयानुसार शिक्षक अनुदान रकम उपलब्ध गराइनेछ ।

५.२ विद्यालयमा शिक्षक अनुदान रकम उपलब्ध गराए पश्चात शिक्षा युवा तथा खेलकुद शाखाबाट शिक्षक नियुक्तिको लागि अनुमति लिनु पर्नेछ ।

५.३ शिक्षा युवा खेलकुद शाखाबाट अनुमति लिई सके पछि विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कम्तिमा १५ दिनको म्याद राखी विज्ञापन गर्नु पर्नेछ ।

५.४ शिक्षकको विज्ञापन गर्दा आधारभुत तह (कक्षा १-५) को लागि विद्यालयको आवश्यकता र आधारभुत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१२) को लागि विषयगत मागलाई समेत ख्याल गर्नु पर्नेछ ।

५.५ कक्षा ६-१२ सम्म शिक्षक नियुक्ति गर्दा क्रमश अंग्रेजी, गणित, विज्ञान नेपाली र सामाजिक विषयलाई ध्यान दिनु पर्नेछ ।

५.६ शिक्षकको योग्यता शिक्षा नियामावली अनुसार हुनेछ ।

५.७ विज्ञापन पश्चात शिक्षा नियमावली बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिले परिक्षा संचालन गरि शिक्षक नियुक्तिको प्रक्रिया अगाडी बढाइनेछ ।

५.८ शिक्षा नियमावली तथा यस निर्देशिका विपरित कसैले नियुक्ति गरेमा त्यसलाई गाउँपालिकाले बदर गर्न सक्नेछ ।

५.९ यो निर्देशिका जारी हुनु भन्दा अगाडी गाउँपालिकाको अनुदानमा नियुक्ति शिक्षकको हकमा यो परिच्छेद लागु हुने छैन ।

## परिच्छेद पाँच

## विद्यालयमा शिक्षक अनुदान रकम निकासा गर्ने प्रक्रियाः

६ विद्यालयमा शिक्षक अनुदान निकासा गर्दा देहायबमोजिमका प्रक्रिया अपनाइनेछ ।

६.१ गाउँपालिकाको अनुदान रकमबाट तलवभत्ता खाने शिक्षकहरुलाई अभिलेखिकरण गरिनेछ ।

६.२ शिक्षकको मासिक माग फारम विद्यालयबाट संकलन गरिनेछ ।

६.३ शिक्षकहरुको माग फारम संगै नियुक्ति पत्रको प्रतिलिपि हाजिरी प्रमाणीत गरेको पत्र तथा विद्यालयको सिफारिस अनिबार्य रुपमा समावेश गर्नुपर्नेछ ।

६.४ माग फारमको रुजु पश्चात विद्यालयको खातामा चौमासिक रुपमा रकम निकासा गरिनेछ ।

## परिच्छेद ५

## कर्मचारी व्यवस्थापन अनुदान प्रक्रिया

७ विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न कर्मचारी व्यवस्थापन देहायबमोजिम गरिने छ ।

७.१ गाउँपालिकाको निर्णयानुसार आवश्यकताको आधारमा अनुदान रकम उपलब्ध गराइने छ ।

७.२ कर्मचारी नियुक्तिको प्रक्रिया शिक्षा नियमवली बमोजिमको समितिले गर्ने छ ।

७.३ अनुदान रकम चौमासिक रुपमा माग फारम भराइ विद्यालयको खातामा उपलब्ध गराइनेछ ।

७.४ माग फारम सगै नियुक्तिको प्रतिलिपि हाजिरि प्रमाणित गरेको पत्र तथा विद्यालयको सिफारिस आनिवार्य रुपमा समावेश गर्नुपर्ने छ ।

## परिच्छेद ६

## शिक्षक तथा कर्मचारी अनुदान रकमः

८ शिक्षक तथा कर्मचारी अनुदान रकम

८.१ शिक्षक अनुदान रकम देहायबमोजिम उपलब्ध गराईने छ ।

*८.२ आधारभुत तह १-५ मासिक रु १००००का दरले १३ महिना बराबरको **

*८.३ आधारभुत तह ६-८ मासिक रु ११०००का दरले १३ महिना बराबरको **

*८.४ माध्यमिक तह ९-१० मासिक रु १६००० का दरले १३ महिना बराबरको **

*८.५ बालबिकास तहका शिक्षकको मासिक रू. ६००० का दरले १३ महिना बराबरको । पोषाक भत्ता प्रति शिक्षक रू. १०००० अक्षेरुपि दश हजारका दरले उपलब्ध गराउने । **



प्रमुख प्रशासकिय अधिकृत

९ बुदा नं. ८ मा जुनसुकै कुरा लेखिएता पनि प्रत्येक आर्थिक बर्षको अन्त्यमा गाउँपालिकाले शिक्षक कर्मचारीको अनुदान दरमा एक पुनरावलोकन समिति गठन गरि सोहि समितिको सिफारिसको आधारमा गाउँशिक्षा समितिले तलव भत्ता परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद ७

### विद्यालयहरूलाई उपलब्ध गराइने शिक्षक तथा कर्मचारीको दरबन्दिः

१०. गाउँपालिकाबाट उपलव्ध गराईने अनुदानबाट बिद्यालयहरूलाई देहाय बमोजिमको अनुदान दरबन्दि हुने छ ।

| क.स. | विद्यालयको नाम | अनुदान शिक्षक संख्या | | | |
|---|---|---|---|---|---|
| | | बा.वि. | प्रा.वि | नि.मा.वि | मा.वि |
| १ | श्री विरेन्द्र मा.वि. नाउली | 0 | 0 | 0 | 1 |
| २ | श्री जीवनज्योति मा.वि.देउलटाकुरा | 0 | 0 | 0 | 2 |
| ३ | श्री ने.रा.मा.वि.शिमखोला | 0 | 2 | 0 | 2 |
| ४ | श्री रा.मा.वि.मेलडारी | 0 | 0 | 1 | 3 |
| ५ | श्री सिद्धार्थ मा.वि.घोप्टेखोडार | 0 | 0 | 1 | 3 |
| ६ | श्री बुद्धिविकास मा.वि.रातामाटा | 0 | 0 | 2 | 2 |
| ७ | श्री पृथ्वीनारायण मा.वि.आयाचौर | 0 | 2 | 2 | 3 |
| ८ | श्री गंगा मा.वि.चौताराडाँडा | 0 | 2 | 2 | 3 |
| ९ | श्री सरस्वति आ.वि.स्वालेखला | 0 | 1 | 2 | 0 |
| १० | श्री ने.रा.आ.वि.रातामाटा | 0 | 2 | 2 | 0 |
| ११ | श्री बालबोध आ.वि.फाकिसल्ला | 0 | 1 | 2 | 0 |
| १२ | श्री सिद्ध आ.वि.बसारेचौर | 0 | 1 | 3 | 0 |
| १३ | श्री जनताविकास आ.वि.सुपाटोट्के | 0 | 2 | 3 | 0 |
| १४ | श्री गणेश आ.वि.बडादुवा | 0 | 1 | 2 | 0 |
| १५ | श्री भगवति आ.वि.कुकुरगारे | 0 | 1 | 3 | 0 |
| १६ | श्री कृष्ण आ.वि.घरभिर | 0 | 1 | 3 | 0 |
| १७ | श्री सरस्वति आ.वि बल्लेपोखरी | 0 | 1 | 2 | 0 |
| १८ | श्री सिद्धार्थ आ.वि.ओडलाम | 0 | 1 | 1 | 0 |
| १९ | श्री जनता आ.वि.बिबाङचौर | 0 | 2 | 3 | 0 |
| २० | श्री जनप्रेम आ.वि.सल्लीचौर | 1 | 4 | 1 | 0 |
| २१ | श्री जनचेतना प्रा.वि.लोदचौर | 0 | 2 | 0 | 0 |
| २२ | श्री सिद्ध प्रा.वि.रहमाइ | 0 | 2 | 0 | 0 |
| २३ | श्री खगेन्द्रजन प्रा.वि.फयामडाँडा | 1 | 1 | 0 | 0 |



प्रमुख प्रशासकिय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | श्री लोक कल्याण प्रा.वि.चामी | 1 | 2 | 0 | 0 |
| २५ | श्री प्रगतिशिल प्रा.वि.घोप्टेओडार | 0 | 1 | 0 | 0 |
| २६ | श्री सिद्धेश्वरी प्रा.वि.घरेलीडाँडा | 0 | 3 | 0 | 0 |
| २७ | श्री लोकतन्त्र प्रा.वि.राँक | 1 | 3 | 0 | 0 |
| २८ | श्री जनचेतना प्रा.वि.बडामेला | 0 | 1 | 0 | 0 |
| २९ | श्री ज्ञानकुन्ज प्रा.वि.गुराँसेडाँडा | 0 | 1 | 0 | 0 |
| ३० | श्री अमरसत्य प्रा.वि.राँक | 0 | 2 | 0 | 0 |
| ३१ | श्री बाल कल्याण प्रा.वि.हिलेचौर | 1 | 3 | 0 | 0 |
| ३२ | श्री इन्द्रसेवक प्रा.वि.पाखापानी | 1 | 4 | 0 | 0 |
| ३३ | श्री दशरथविन्दु प्रा.वि.पाखापानी | 1 | 4 | 0 | 0 |
| ३४ | श्री ने.रा.प्रा.वि. लाखुरीचौर | 0 | 1 | 0 | 0 |
| ३५ | श्री जनविकास प्रा.वि.नेटापरी | 0 | 3 | 0 | 0 |
| ३६ | श्री गुराँसेतरा प्रा.वि.पाखापानी | 1 | 1 | 0 | 0 |
| ३७ | श्री जनता प्रा.वि.उन्नेचौर | 1 | 1 | 0 | 0 |
| ३८ | श्री वाग्वश्वरी प्रा.वि. गौरीडाडा | 0 | 2 | 0 | 0 |
| ३९ | श्री ब्रमासिद्ध प्रा.वि.राँक | 0 | 1 | 0 | 0 |
| ४० | गाउँपालिका भित्रका विद्यालयहरुको लागी सट्टा शिक्षक अनुदान | आवश्यकता अनुसार | | | |
| | जम्मा | 9 | 62 | 35 | 19 |

परिच्छेद ८

गाउँपालिकाको अनुदान रोक्का वा बन्द गर्न सकिने

१० विद्यालयमा उपलब्ध गराइने गाउँपालिकाको अनुदान रकम देहायबमोजिमको अवस्थामा गाउँशिक्षा समितिको सिफारिसको आधारमा गाउँकार्यपालिकाले रोक्का वा बन्द गर्न सक्ने छ ।

१०.१ शिक्षक तथा कर्मचारी दरबन्दि स्थायी रुपमा सिर्जना वा पदपुर्ति भइआएमा,

१०.२ संघिय वा प्रादेशिक सरकारबाट शिक्षक तथा कर्मचारी ब्यवस्थापनकोलागि अनुदान प्राप्त भएमा,

१०.३ विधालय मर्ज वा तह तथा कक्षा घटुवामा परेमा,

१०.४ पुनरावलोकन समितिले अनुदान रोक्का वा बन्द गर्ने सिफारीस गरेमा,

१०.४ गाउँ कार्यपालिकाले मनासिव ठहराएका अन्य आधारहरु,

परिच्छेद ९

पुनरावलोकन समिति



प्रमुख प्रशासकिय अधिकृत

११.१ बगाउँपालिकाले विद्यालयलाई प्रदान गर्ने बुदा नं. ८ बमोजिमको शिक्षक तथा कर्मचारी अनुदान र बुदा नं. १० बमोजिमको बिद्यालयलाई दिईने अनुदान दरबन्दिको प्रत्येक बर्ष पुनरावलोकन गर्न देहाय बमोजिमको एक समिति गठन गर्न सकिने छ ।

क. गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति.................................... संयोजक
ख.गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत ............................................पदेन सदस्य
ग. गाउँशिक्षा समिति सदस्य मध्ये बाट गाउँशिक्षा समितिले तोकेको एक जना....सदस्य
घ. गाउँशिक्षा समितिले तोकेको माध्यमिक तहको प्र.अ. मध्ये एक जना ............सदस्य
ङ. गाउँपालिकाको शिक्षा शाखा प्रमुख ..................................................पदेन सदस्य सचिव

११.२ पुनरावलोकन समितिको काम कर्तब्य र अधिकार तोकिय बमोजिम हुने छ ।

क. नेपाल सरकार बाट बार्षिक रुपमा हुने बजेट भषणमा शिक्षक कर्मचारीको तलब भत्तामा परिमार्जनलाई आधार बनाई गाउँपालिका अनुदान शिक्षकको तलब भत्ता पनि परिमार्जन गर्न सक्ने छ ।
ख. समितिले शिक्षक दरबन्दी थप घट गर्न सक्ने छ जसका लागी विद्यालयवाट अवशयक तथ्याङ्क माग गर्ने र उक्त तथ्याङ्क उपयुक्त नदेखियमा समितिले अनुगमन गर्दा प्राप्त तथ्याङ्कको आधारमा दरबन्धि सम्बन्धि कार्य गर्न सक्ने छ ।
ग. दरबन्दी थप घट गर्दा बिद्यार्थी संख्या, संचालित तह र कक्षा, सिकाई उपलब्धि र भौगोलिक बिकटता लाई समिति बाट आधार बनाईने छ ।
घ. यसरि दरबन्दी मिलान गर्दा कुनै पनि विद्यालयको तह र कक्षामा सुन्य दरबन्दी बनाईने छैन ।

## परिच्छेद १०
## विविध

१२ निर्देशिका संशोधनः- यस निर्देशिकालाई आवश्यकता र औचित्यका आधारमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्ने छ ।
१३ बचाउः- यो निर्देशिका जारी हुनु भन्दा अगावै विद्यालयमा उपलब्ध गराइएको अनुदान रकम यसै निर्देशिका बमोजिम विद्यादयमा निकासा भएको मानिने छ ।

<u>गंगादेव गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका २०७५ प्रमाणिकरण गर्नेः</u>
गंगादेव गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को दफा ४ बमोजिम गंगादेव गाउँपालिकाको शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका २०७५ प्रमाणित गरेको छु ।

दस्तखतः
सिजन कुमार ओली- प्रमुख प्रशासकिय अधिकृत
प्रमाणिकरण मितिः २०७६ असार ३१ गते ।

संसोधित मितिः २०७६ भाद्र २५ गते ।